# शिक्षा क्षेत्रमा भीमेश्वर नगरपालिकाको नमूना योग्य कार्य

## १. भूमिका

भीमेश्वर नगरपालिका, नेपालको प्रदेश नं ३ अर्न्तगतको दोलखा जिल्लाको सदरमुकाम चरिकोटमा अवस्थित ऐतिहासिक,पुरातात्विक,धार्मिक, साँस्कृतिक दृष्टिकोणले प्राकृतिक र पर्यटकीय स्थलरहेको प्रसिद्ध तथा प्राकृतिक रुपमा स्वच्छ, शान्त एवंम रमणीय नगरपालिकाको रुपमा भीमेश्वर नगरपालिकालाई चिन्न सकिन्छ । तत्कालीनगाविसहरुदोलखा, माटी,चरिकोट र मकैबारीलाई समेटेर वि.सं २०५३ साल माघ १८ गते यस नगरपालिकाको स्थापना भएकोमा देशमा संघीय लोकतान्त्रिक गणतन्त्र शासन व्यवस्था आएपछि पुनः वि.सं २०७३ सालमा थप तीन वटा गाविसहरु सुष्पा क्षमावती , बोच र लाकुरिडाँडा गरी हालको भीमेश्वर नगरपालिका सङघीय स्वरुपमा पुन संरचना गरि नगरपालिकालाई ९ वटा वडामा विभाजन गरिएको छ ।

भीमेश्वरनगरपालिका, देशकै प्रसिद्ध मन्दिर दोलखाको नामबाट नामकरण गरिएको छ । यो नगरपालिकाको केन्द्र नेपालको राजधानी काठमाण्डौबाट १३३ किमी उत्तरपुर्वमा रहेको छ । २७ डिग्री ३६ मिनेट उत्तरदेखि २७ डिग्री ४४ मिनेट उत्तरी अक्षांशसम्म र ८५ डिग्री ५८ मिनेट पूर्वदेखि ८६ डिग्री ६ मिनेट पूर्वीदेशान्तर र पूर्व पश्चिम लम्बाई १७ किमी सम्म र उत्तर दक्षिण १० किमी सम्मरहेको छ । यस नगरपालिकाको पूर्वमा बैत्यश्वर गाँउपालिका, पश्चिममा सिन्धुपाल्चोक जिल्ला, उत्तरमा कालिन्चोक गाउँपालिका र सिन्धुपाल्चोक जिल्ला तथा दक्षिणमा शैलुङ गाउँपालिका रहेको छन । यो पहाडी भू–भागमा पर्ने र न्यूनत्तम ८४० मिटर चर्नावती( त्रिवेणी धाम) देखि अधिक्तम ३५४९ मिटर ( गणेश थुम्की) सम्मको उचाईमा रहेको छ । यस नगरपालिकाको केन्द्र चरिकोट १९७० मीटर उचाईमा छ । वि.सं २०६८ सालको जनगणना अनुसार नगरपालिकाको कुल जनसंख्या ३२,४८६ ( पुरुष १४,९८० र महिला १७,५०६) र घरपरिबारको संख्या ८६३९ रहेको छ । नगरपालिकामा क्षेत्री २९.७४ प्रतिशत, नेवार १८.०६ प्रतिशत, तामाङ १५.६२ प्रतिशत ,थामी १२.५५ प्रतिशत बाहुन ११.०८ प्रतिशत, कामी ३.४१ प्रतिशत घर्ती (भुजेल) १.९७ प्रतिशत,सार्की १.७६ प्रतिशत र अन्य ५.८१ प्रतिशत जातजातीहरुको बसोबास गर्दछन । धार्मिक दृष्टिकोणले हिन्दू, बौद्ध र क्रिस्चियन धर्म मान्ने मानिसहरुको बसोबास रहेको पाईन्छ । यस नगरपालिकाको साक्षरता प्रतिशत ६८.९१ ( पुरुष ७९.६२ प्रतिशत र महिला ५९.८८) प्रतिशत रहेको छ।

## २. शैक्षिक अवस्था

दोलखा जिल्लामा रहेका ९ वटा पालिका मध्ये सबै भन्दा बढि जनसंख्या भएको पालिका नै भीमेश्वर नगरपालिका भएकोले दोलखा जिल्लाको कुल विद्यालय भर्ना भएका मध्ये झण्डै ३० प्रतिशत बालबालिकाहरु भीमेश्वर नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययनरतछन । यस नगरपालिका भित्र सामुदायिक विद्यालय ४४ र संस्थाागत विद्यालयको संख्या १३ , सामुदायिक क्याम्पस २ र निजी क्याम्पस १ गरि जम्मा ३ वटा कलेजहरु रहेका छन् । कक्षा ११ र १२ सचालित सामुदायिक विद्यालयको संख्या ७ वटा र संस्थागत तर्फ १ गरि कुल ८ वटा विद्यालयमा रहेका छन । व्यवसायिक तथा प्राविधिक धार संचालन गर्ने ३ वटा विद्यालय रहेका छन् भने आयआर्जन बृद्धि गर्नको लागि सामुदायिक सिकाई केन्द्रहरुको संख्या नगरभित्र १० वटा छन् । दोलखा

जिल्ला भित्रका अन्य पालिकाहरुको अनुपातमा यस नगरपालिकाको साक्षरता प्रतिशतलाई अध्ययन गर्दा उच्च रहेको देखन्छ । समग्रमा हेर्दा सिकाई उपलब्धी समेत राम्रो भएको पाईन्छ ।

## ३. शिक्षा क्षेत्रमा गरिएका कार्यहरु

भीमेश्वर नगरपालिकाले नगर भित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर मा सुधार गर्न तथा सिकाई उपलब्धीलाई बृद्धि गर्नको लागि यस नगरपालिकाले आफ्नो बार्षिक बजेटको झण्डै २५ प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गरेको छ । यसरी नगरपालिकाले खास गरिशिक्षा क्षेत्रमा दुई किसिमका कार्य गरेको छ । ति हुन

### क) सिकाई उपलब्धी बृद्धि सम्बन्धी कार्य

सिकाई उपलब्धिबृद्धि कार्यमा नगरपालिकाले बालबालिकाहरुलाई विद्यालय ल्याउने तथा शिक्षकको क्षमता अभिबृद्धि गर्ने,सामुदायिक तथा संस्थागत विद्यालयहरूका लागि शैक्षिक पात्रो निर्माण, कक्षा पाँच र आठको नगरस्तरीय परीक्षा सञ्चालन, विद्यालयस्तरीय खेलकूद तथा अतिरिक्त कृयाकलाप सञ्चालन , बालविकास देखि कक्षा ५ सम्मका बालबालिकालाई दिवा खाजा र प्रविधिमैत्री शिक्षण सिकाई, शिक्षण सिकाई सामग्री वितरण, बालकक्षा शिक्षक प्रोत्साहन रकम, बालबालिकाको अन्तर्निहत क्षमताको विकास गर्न तथा विज्ञान र प्रविधिमा खोज कार्यको लागि सहयोग पु–याउन शिक्षा तथा विज्ञान प्रविधि महोत्सव कार्यक्रम संचालन,बालविकास कक्षाको लागि सहजीकरण पुस्तिका निमार्ण रआधारभुत तथा माध्यमिक शिक्षा ऐन २०७४ जारी आदि जस्ता कार्य गरेको छ ।

### ख) नमूना योग्य कार्य

नेपालमा विद्यालय शिक्षा खास गरी सामुदायिक र संस्थागत विद्यालयबाट प्रदान गरिदै आएकोछ । ति विद्यालय वीच देखिएको खाडल कम गर्न , समानताको महसुस गराउन र सिकाई उपलब्धी बृद्धि गर्न यस नगरपालिकाले नगर भित्रका सबै विद्यालयमा विना भेदभाव,शिक्षक तथा विद्यार्थीहरुको पोशाकमा एकरुपता ल्याउन नेपालमा नै पहिलोपटक सामुदायिक र संस्थागत विद्यालयमा यस भीमेश्वर नगरपालिकाले नमूना कार्यको शुरुवात गरि शैक्षिक सत्र वि.सं २०७५ देखि नै लागुहुने गरी सबै विद्यालयमा कार्यरत सबै किसिमका शिक्षकहरुको लागि पोशाकमा एकरुपता ल्याएकोछ भने सबै विद्यार्थीहरुको लागि पनिएकै किसिमको पोशाक निर्धारण गरि लागु गरेको छ । यसै गरी सामुदायिक विद्यालयको बालविकासदेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुको लागि निःशुल्क पोशाक प्रत्येक वर्ष वितरण गर्ने कार्यको शुरुवात गरेकोछ ।सामुदायिक र संस्थागत विद्यालयको पोशाकमा एकरुपता ल्याउने कार्य ७५३ वटा पालिका मध्ये यस भीमेश्वर नगरपालिकाले पहिलो पटक लागू गरेको छ जसले बालबालिका तथा शिक्षकमा रहेको मनोबैज्ञानिक असरलाई कम गरी शिक्षण सिकाईमा सुधार ल्याउने तथा बालबालिकाको विद्यालयमा नियमितता हुने भएकोले पनि यसलाई नमूना योग्य कार्यको रुपमा लिन सकिन्छ ।



भीमेश्वर नगरपालिकाद्धारा निर्धारित पोशाकमा श्री भीम मावि दोलखाका शिक्षकहरु  २०७५



**सामुदायिक तर्फः** भीमेश्वर नगरपालिकाद्धारा निर्धारित पोशाकमा श्री कालिन्चोक माध्यमिक विद्यालय, चरिकोट, दोलखाका विद्यार्थीहरु २०७५



**संस्थागत तर्फः** भीमेश्वर नगरपालिकाद्धारा निर्धारित पोशाकमा श्री द राईजिङ स्टार स्कूल, चरिकोट, दोलखाका विद्यार्थीहरु २०७५

## ४. शिक्षक तथा विद्यार्थीको पोशाकमा एकरुपता गर्नुका कारणहरुः

- सामुदायिक र संस्थागत विद्यालय बीच रहेको खाडल पुरागर्न,
- दुबै किसिम विद्यालयमा अध्यापनरत शिक्षकको मनोबैज्ञानिक असरलाई कम गर्न ,
- दुबै किसिमका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा रहेको मनोबैज्ञानिक असरलाई हटाउन ,
- .सामुदायिक विद्यालयमा विद्यार्थीहरुको भर्नादर बढाउन ,
- भीमेश्वर नगरपालिकाको शिक्षा क्षेत्रमा आफ्नै पहिचान कायम गराउन ,
- बलबालिकाहरुको विद्यालयमा नियमितता गराउन,
- विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन
- सामुदायिक विद्यालयहरुको कक्षा ०–५ का बालबालिकाहरुलाई प्रत्येक वर्ष पोशाक वितरण कार्यक्रम राखेको ,

**५. पोशाकलाई एकरुपता निर्धारणबाट देखिएका सकरात्मक प्रभावहरुः**

- विद्यालयमा बालबालिकाहरुको  नियमितता बढ्न गएको,
- विद्यार्थी तथा शिक्षकको मनोबलमा बृद्धि भएको ,
- शिक्षक र विद्यार्थीमा समानताको महसुस भएको,
- सिकाई उपलब्धीमा बृद्धि भएको,
- सामुदायिक विद्यालयमा बालबालिकाको भर्नादरमा बृद्धि भएको,
- अभिभाबकले आर्थिक भारमा कम भएको महसुस गरेको,
- विद्यार्थीको पोशाकमा अन्य पालिकाहरुले समेत अनुकरण गर्न शूरु गरेको,
- विद्यालय बाहिर रहेका सबै बालबालिका विद्यालयमा भर्ना भएको र कुनै पनि बालबालिका नगरपालिकामा विद्यालय बाहिर नरहेको घोषणा कार्यगर्न सफल भएको,

**६. निचोड**

नेपालमा विद्यालय शिक्षाको गुणस्तर क्रमशः घटदै गईरहेको अवस्था रहेकोमा यस भीमेश्वर नगरपालिकामा रहेका सामुदायिक विद्यालयको  सिकाइ उपलब्धी  बिश्लेषण गर्दा पनि यस्को प्रत्यक्ष प्रभाव यस नगर भित्रका विद्यालयमा समेत पर्न गएको सन्र्दभमा शैक्षिक गुणस्तर बृद्धिगर्न, सामुदायिक विद्यालय र संस्थागत विद्यालयका शिक्षक तथा विद्यार्थी वीचको असमानताको मनोबैज्ञानिक असर कम गर्न र विद्यालय बाहिर रहेका सबै बालबालिकाह्रुलाई विद्यालयमा ल्याउने  लागि वातवरण तयार गर्नुको साथै भीमेश्वर नगरपालिका भित्र अध्ययनरत बालबालिकाहरुको छुट्टै पहिचान कायम गर्न, नियमितता,समानताको प्रत्याभूति र यसको फाईदाहरुलाई अनुसरण गरेर देशका अन्य पालिकाहरुले  समेत सामुदायिक र संस्थागत विद्यालय बीचको खाडललाई पुरा गर्न केही मात्रमा भए पनि यस नमूना कार्यले सहयोग पुग्ने विश्वास लिन सकिन्छ ।